# चार किसान संगठनको संयुक्त बक्तब्य

हामी चार किसान संगठन अखिल नेपाल किसान महासंघ (अप्फा), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघ देशका किसान र सम्पूर्ण जन समुदायले गम्भीररूपमा ब्यहोर्नु परेका दुइ महत्वपूर्ण समस्यामा सरकारको तत्कालै ध्यान पुगोस् र समस्या समाधान गरियोस् भन्ने जोडदार माग गर्दै अन्यथा संघर्षमा उत्रन बाहेक अरू कुनै बिकल्प नरहेको यथार्थ दर्शाउँछौ ।

१.राज्यले धानबाली जस्तो कुषि क्षेत्रबाट २२ प्रतिशत जीडीपी दिने बाली लगाउने बेलामा मल अभावको हाहाकार खडा गरेर किसानलाई पार्ने र कृषि उत्पादनमा ह्रास आउने र किसानको लगानीसम्म पनि नउठ्ने समस्या खडा गरेकाले त्यसको घोर बिरोध गर्दै जुनसुकै उपायबाट तत्काल किसानलाई मल उपलब्ध गराउन जोडदार माग गर्दछो । बर्षेनी दोहोर्याइने यस्ता किसानमारा गतिबिधिको तीब्र निन्दा र भर्त्सना गर्दछौ र समयमै मल बिऊको आपूर्ति नगरेर किसानलाई पुग्ने क्षतिको हर्जानासहीत क्षतिपूर्ति प्रदान गर्न सरकारसँग जोडदार माग गर्दछौं । बर्षैपिच्छे मलको हाहाकार सिर्जना गर्ने र किसानलाई दु:ख दिने सरकारको अस्वीकार्य र अमान्य कृयाकलाप किसानप्रतिको निरन्तरको उपेक्षा तथा मल खरिदमा कमिशन र त्यसको मोलतोलको अबाञ्छित भूमिका रहेको सर्बत्र उजागर भइसकेको छ । अत: समयमै आवश्यक मलबिऊको आपूर्ति गर्न, प्रांगारिक तथा जैबिक मलको ब्यवस्था गर्न र गुण स्तरीय मल बिऊको ठोस बैकल्पिक ब्यवस्था गर्न पुनः हामी जोडदार माग गर्दछौं र सरकारले मल आपूर्ति नगरे संघर्षमा उत्रिन किसान समुदायमा आग्रह गर्दछौ ।

२.संसदबादी मूलधारका दलहरुले देशको सार्बभौमिकता र स्वाधीनतको अपमान गर्ने र नेपाललाई अमेरिका अधिनस्थ तुल्याउने एमसीसी जस्तो घोर राष्ट्रघाती सम्झौता संसदबाट कथित ब्याख्यात्मक टिप्पणीको टालोले छोपेर अनुमोदन गरेपछि अहिले नेपालमा अबाञ्छित अमेरिकी सैनिक गतिबिधिहरु बढेका छन् र नेपाललाई यसको असंलग्नता र पञ्चशीलमा आधारित परराष्ट्र सम्वन्धबाट स्खलित तुल्याएर अमेरिकी सैन्य गुटमा घिस्याउने गतिबिधिहरु तीब्र भएका छन् । हामी यस्ता नेपाललाई बिश्व शक्ति बिशेषको सैन्य गुटमा फसाउने षडयन्त्रको कडा बिरोध जनाउँदछौ । सरकारले नेपाल र नेपालीलाई शक्ति राष्ट्रहरुको टक्करको अबाञ्छित अखडा बनाउने कृयाकलापको हामी जोडदार बिरोध गर्दै सम्पूर्ण नेपालील जन समुदायलाई बाह्य हस्तक्षेपको बिरुद्ध खडा हुन पनि जोडदार आग्रह गर्दछौ ।

| | |
|---|---|
| भैरबराज रेग्मी<br>अध्यक्ष<br>अखिल नेपाल किसान महासंघ(अप्फा) | सीताराम तामाङ्ग<br>अध्यक्ष<br>अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी) |
| रामदुलार महतो<br>अध्यक्ष<br>अखिल नेपाल किसान यूनियन | कृष्ण राना<br>इञ्चार्ज<br>अखिल नेपाल प्रगतिशील किसान संघ |

**२०७९ असार १**